# हेटौंडा नगरपालिकाको १६ औं नगरपरिषद् समक्ष नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री भरत बहादुर ढुंगानाबाट प्रस्तुत आ.व. २०६८।०६९ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

कार्यक्रमका प्रमुख अतिथि स्थानीय विकास अधिकारी ज्यू,
विशेष अतिथि नेपाल नगरपालिका संघका अध्यक्षय ज्यू,
विशेष अतिथि ज्यूहरु तथा विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
नगरस्तरीय सर्वदलीय संयन्त्रका प्रतिनिधिज्यूहरु,
आमन्त्रित विभिन्न सरकारी तथा गैर सरकारी निकाय एवं संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सञ्चारकर्मी मित्र एवं उपस्थित महानुभावहरु,

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम स्थानीय निकायको सर्वोच्च अंगको रुपमा परिभाषित गरिएको परिषदको सन्दर्भमा यस हेटौडा नगरपालिकाको १६ औं नगर परिषद समक्ष आ.व.२०६८।०६९ को लागि तर्जुमा गरिएको नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा म लगायत सिंगो हेटौडा नगरपालिका परिवारलाई गौरव महसुस भइरहेको छ ।

विगत १० बर्ष देखि जनप्रतिनिधि विहिनताको जटिल एवम बिषम परिस्थितिमा पनि सर्वदलीय समन्वयमा उपलब्ध सिमित श्रोत साधनहरुको अधिकतम परिचालन गरी बढ्दो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभूत शहरी सेवा सुविधा उपलब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिंगो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहांहरु सवैमा अनुरोध गर्न चाहन्छु । साथै बर्तमान असहज परिस्थितीमा समुदायमा आधारित टोल विकास संस्थाहरु, नागरिक समाज, पेशागत संघ संगठन लगायत अन्य संघ संस्थाहरुले नगरपालिका र नगरवासीहरु वीच एउटा बिश्वासिलो सेतुको काम गरिरहेको छ भन्दा दुईमत नहोला । निर्वाचित जनप्रतिनिधिको व्यवस्था हुन नसके तापनि जनमुखी एवं जिम्मेवार राजनीतिक दलहरुको सहमति, समन्वय र सहयोगमा हेटौडा नगरपालिका आफ्नो घोषित लक्ष्य प्राप्तीमा अविचलित रुपमा कार्यरत रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । विशेषत नीतिगत निर्णय र विकास निर्माणको सन्दर्भमा सृजित कठीन चुनौतिहरु सहज रुपमा व्यवस्थापन गर्न राजनैतिक दलहरुबाट उल्लेख्य सहयोग भएको र यहांको राजनीतिक दलहरु बीचको सहकार्य एवम् समन्वय मूलुक भरका लागि उदाहरणीय भएको व्यहोरा पुनः यस सम्मानित सभामा सगर्व स्मरण गर्न चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

रणनीतिक हिसावले आर्थिक तथा सामाजिक विकासका असंख्य सम्भावनाहरु वोकेको हेटौडा शहरको विकास यात्रा सन १९६९ मा औद्योगिक क्षेत्रको स्थापनाबाट शुरु भएको हो । अस्थिर राजनीति एवं आन्तरिक समस्या र भुमण्डलीकरण एवं खुल्ला अर्थनीति जस्ता वाह्रय कारणले गर्दा उत्पादमूलक उद्योगहरुको पलायन भइरहेको र क्रमशः सेवामूलक उद्योग व्यवसायहरु बैकल्पिक अर्थतन्त्रको रुपमा बिकासित भइरहेको अवस्था छ । साथै विगत देखि तराई लगायतका क्षेत्रमा व्याप्त अशान्ति, असुरक्षाका कारण यस नगर तथा आसपासका क्षेत्रमा बढ्दै गएको बसोबासले सडक, खानेपानी, बिद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको मागमा थप दबाब पर्न गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा उत्पादनमूलक उद्योगहरुका साथै सेवामूलक उद्योगहरुको द्रुत बिकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमता बिकास, बिकास साझेदारहरुको पहिचान र उपयोग जस्ता बिषयहरुमा परम्परागत ढंगबाट मात्र नभई दिर्घकालिन एवं रणनीतिक दृष्टिकोणबाट सोच्न र सोही अनुसार अल्पकालिन, मध्यकालिन, दिर्घकालिन योजना सहित क्रमशः अगाडी बढ्नु पर्ने वेला आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

अव म यस गरिमामय सभा समक्ष १५ औं. नगरपरिषदबाट चालु आ.व.२०६७।०६८ का लागि स्वीकृत नीति, कार्यक्रम, परियोजनाहरुका सम्बन्धमा हालसम्म भए गरेका प्रयास र प्राप्त भएका मुख्य मुख्य उपलब्धीहरु, सामना गरिएका चुनौतिहरुका सम्बन्धमा संक्षिप्त चर्चा गर्न अनुमति चाहन्छु ।

प्रथमतः नगरपालिका स्थापना भएको करीव ४ दशक पछि वृहत्तर हेटौडाको परिकल्पान सहित औद्योगिक बिकास, शिक्षा बिकास र आवास क्षेत्रलाई समग्र आर्थिक बिकासको मूल अग्रणी क्षेत्र मानी स्वच्छ, सृजनशील र सम्बृद्ध औद्योगिक नगरको दिर्घकालिन सोच सहितको २० बर्षको लक्ष्य सहित ५ बर्षको लागि ८ वटा बिषयगत तथा क्षेत्रगत लक्ष्य, नीति, कार्यक्रम तथा परियोजनाहरू सहितको आवधिक योजना तर्जुमाको काम अन्तिम चरणमा पुगेको छ र आगामी बर्षको लागि तर्जुमा गरिएका नीति कार्यक्रम तथा परियोजनाहरू यसै आवधिक योजनाको दिर्घकालिन लक्ष्य र उद्देश्य तर्फ लक्षित गरिएको छ।

शहरी पूर्वाधार निर्माणको क्षेत्रमा हेर्ने हो भने बिगत आठ बर्ष अघि आ.ब. २०६०/०६१ देखि एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा यस नगरपालिकमा कार्यान्वियनमा आएको शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत संचालित सम्पूर्ण कार्यक्रम तथा आयोजनाहरू यस बर्ष सम्पन्न भएको छ। यस अन्तर्गत अघिल्ला बर्षदेखि सञ्चालनमा रहेका क्रमागत सम्पूर्ण योजनाहरू मध्ये भौगोलिक सूचना प्रणाली GIS मा आधारित Digital Urban Map update तथा नगरपालिकाको website update गर्ने काम सम्पन्न भएको छ भने राजश्व परिचालन तथा शहरी योजना तर्जुमाका लागि सहायकसिद्ध तथ्यांक, घर नक्सा पास सम्बन्धी नयां तथा पुराना नक्सा पासका विवरण GIS प्रविधीमा आवद्ध गर्ने, एकिकृत सम्पत्ति करलाई थप प्रभावकारी बनाउन कर्मचारीहरूलाई तालिम र सम्बन्धित महाशाखा, शाखा, उपशाखाहरूलाई फर्निचर तथा उपकरणहरूबाट सुसज्जित गरिएको छ। यसै गरी कार्यालयका सम्पूर्ण महाशाखा, शाखाहरूलाई Net Working मा आबद्ध गरिएको छ भने वडा नं. ३ र १० मा नमुना कार्यक्रमको रूपमा Metric Addressing System मा आधारित House Numbering गर्ने कार्य सम्पन्न भएको छ।

सरसफाई तथा फोहर पानी व्यवस्थापन तर्फ १३.५० कि.मी.आर.सि.सि.ह्युम सहितको भूमिगत ढल, सोही क्रममा भत्काईएको करिव १० कि. मी सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएका छन भने फोहर पानी प्रशोधन केन्द्र निर्माण तर्फ तीन वटै सव सिस्टमको निर्माण कार्यहरू सम्पन्न भई सकेका छन्। नगर क्षेत्रको पानीको अभावलाई परिपूर्ति गर्नका लागि सञ्चालनमा ल्याईएको बृहत खानेपानी योजना अन्तर्गत सामरीको पम्प हाउस नजिक रहेका Infiltration gallery निर्मार्ण, जेनेरेटर हाउसको मर्मत, हरिकुञ्ज साईटमा ५०० घन मीटरको Reservoir, Pressure filter जडान, हु. प्रा.चौरमा ४५० घन मीटर क्षमताको Overhead Tank, लामसुरे क्षेत्रमा ४५० घन मीटर क्षमताको Overhead Tank, गौरीटार क्षेत्रमा २५० घन मीटर क्षमताको Overhead Tank निर्माण, Iron Removal Plant, एउटा डिप बोरिङ्ग गर्ने कार्य सम्पन्न भई हेटौडा खानेपानी वोर्ड मार्फत कायान्वयनमा समेत आइसकेको छ। यस अन्तर्गत नगर क्षेत्रका विभिन्न वडाहरूमा करिव ८० कि. मी. पाईप बिछ्याउने काम र खानेपानी र ढल निकासका लागि तयार पारिएको Business Plan कार्यान्वियनमा ल्याई यो आयोजना हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड मार्फत संचालन गर्ने र भूमिगत ढल संचालनका लागि sewer Policy तयार भई कार्यान्वियनमा आउने चरणमा रहेको छ।

यसै आयोजना अन्तर्गत वडा नं. १० स्थित बसपार्क क्षेत्रमा निर्माण गरिएको ८९ वटा पसल कवल रहेको एकिकृत मासु बजार, ६३ वटा पसल कवल रहेको तरकारी बजार निमार्ण कार्य सम्पन्न भई तरकारी तथा फलफुल व्यवसायीहरूलाई स्थानान्तरण गर्ने काम सुरूभइसकेको छ भने माछामासु तर्फ क्रमशःस्थानान्तरण हुने क्रममा रहेको छ। यसै गरी समुदायिक विकास कार्यक्रम अन्र्तगत गरिबी नक्सांकनमा परेका गरिव बस्तीहरूमा ८ प्रतिसत नगद लागत सहभागिता हुने गरी ११ वटै आयोजनाहरू सम्पन्न भएका छन भने नगरलाई खुल्ला दिशा मुक्त क्षेत्र बनाउने कार्यक्रम अन्तर्गत ११ वटा क्लस्टरमा सामुदायिक नक्सा तयारी, Sensitization training, Triggering workshop गरी स्मिृति टोल विकास क्षेत्रलाई खुल्ला दिशामुक्त क्षेत्रको घोषित भई सकेको छ। महिला स्वस्थ्य स्वयं सेविकाहरूलाई सर्ने र नसर्ने रोग, पाठेघर तथा स्तन सम्बन्धी क्यान्सर, मातृत्व सम्बन्धी जीवन सुरक्षा लागि आवश्यक तालिम, महिला स्वयं सेविकाहरूलाई उपचारमा आवश्यक पर्ने प्राथमिक उपचार सामाग्री वितरण, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन। परियोजना तर्फ चालू आ.ब.को लागि रू १० करोड ८६ लाख ५० हजार बिनियोजन गरिएकोमा गत जेठमा परियोजना समापन हुंदाको अवस्था सम्ममा रू १३ करोड ५४ हजार खर्च भएको छ।

**आदरणीय महानुभावहरु,**

यसै गरी शहरी पूर्वाधार निर्माण तर्फ नै नगरपालिका कोष मार्फत यस अवधिमा कार्यान्वियनमा आएका कूल १६३ आयोजनाहरू मध्ये १२९ आयोजना सम्पन्न भई ३४ वटा आयोजनाहरू चालु अवस्थामा रहेको छ। जसमा **कालोपत्रे सडक** तर्फ १३ मध्ये सवै, **कंक्रिट सडक निर्माण** तर्फका २७ मध्ये १८ वटा सम्पन्न ९ वटा चालु, **ग्रेभलिङ्ग तथा ढुङ्गा विछाउने** तर्फ ४९ मध्ये ४४ वटा सम्पन्न भै ५ वटा चालु, **भू-क्षय तटवन्धन तथा खहरे नियन्त्रण** तर्फका ८ मध्ये ६ वटा सम्पन्न २ वटा चालु, **विद्यालय पूर्वाधार सुधार** तर्फका २० मध्ये सवै आयोजना सम्पन्न भएका छन। यसै गरी

**सरसफाई** तर्फका ३ मध्ये सवै आयोजना सम्पन्न, **खानेपानी** तर्फ १० मध्ये ४ वटा आयोजना सम्पन्न भई ६ आयोजना संचालनमा, **सिंचाई** तर्फ ४ मध्ये २ आयोजना सम्पन्न, २ आयोजना संचालनमा, **ढल तथा नाली** तर्फ ६ मध्ये ३ सम्पन्न भई ३ वटा चालु र **विविध निर्माण** तर्फ संचालित २३ आयोजनाहरू मध्ये १६ सम्पन्न भई ७ आयोजना चालु अवस्थामा रहेको अवस्था  छ ।

उपरोक्त आयोजनाहरूका लागि नगरपालिका कोषका साथै स्थानीय शासन तथा समुदाय बिकास कार्यक्रम, **LGCDP**, जगेडाकोष, कृषि सडक र सडकवोर्ड कार्यक्रम अन्तर्गत प्राप्त अनुदानबाट सञ्चालित उपरोक्त आयोजनाहरूका लागि अनुमानित लागत रू १०,८३,०९,६२९।५८ मध्ये नगरपालिकावाट नगद रू.६,९०,८७,६८४।६९, जिन्सी रू.१३१०।४०, उपभोक्ताबाट नगद रू.१,५९,०६,४७५।२० र श्रमदान २,२८,६९,४८८।३८ ब्होरीने गरी सम्झौता भएकोमा हाल सम्म नगद रू ५,५३,५५,७४८।३२ र जिन्सी रू.१३१०।४० गरि जम्मा रू. ५,५३,५७,०५८।७२ खर्च भै सकेको र श्रमदान सहित रू. ५,२७,०६६८६।६५ भूक्तानी हुन वांकी रहेको अवस्था छ । यस अवधिमा कालोपत्रे सडक तर्फ ७,१९८ मिटर र कंक्रिट सडक तर्फ ६,१७१।७० मिटर सडक निर्माण भएको छ । यसै गरी क्रमागत आयोजनाहरू तर्फ रू.९,२९,१४,३९९।७९ रकम भूक्तानी भई श्रमदान सहित रू. १,२४,५१,९४०।२९ भूक्तानी हुन वांकी रहेको छ भने फरफारक तर्फ ल.ई. रू.८,२७,९०,०४०।४७ को कार्य सम्पादन रू.६,९८,८१,२१६।९८ र फरफारक अंक रू. ५,९२,८८,२५८।९२ रहेको र यस वर्ष सञ्चालित आयोजनाहरूवाट करीव १,०३,३५९ नागरिकहरू लाभान्वित भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

यसै गरी समाज कल्याण, सामुदायिक विकास, वातावरण, जनस्वास्थ्य तथा सरसफाई तर्फ वडा नं ६ र ११ मा गरी २९ वटा केन्द्र मार्फत ८७० जनालाई अनौपचारीक शिक्षा, गृहिणी शिक्ष कार्यक्रमलाई मसलन्द सहयोग, आय एवं सिप मुलक कार्यक्रम अन्तर्गत विभिन्न गै.स.स. मार्फत संचालित च्याउ खेती, बिषधिरहित/बेमौसमि तरकारी खेती, प्लम्बीङ्ग, मोवाईल, ईलेक्ट्रीक मोटर रिवाईन्ङ्गि, बेसिक/एडभान्स सिलाई, एडभान्स व्यूटीसियन सेमिनार तालिम गरी ४१५ जना लाभान्वित भएका छन । त्यसै गरी विभिन्न जातिगत,भाषगत संघ संस्था मार्फत ९५० जना लाई क्षमता विकासका लागि लैङ्गिक समविकास, वातावरणीय सचेतना, मगर भाषा कक्षा, दलित सचेतना, महिलाको नेतृत्व विकास, एच.आई.भि.एड्स सचेतना, जनजाती शशक्तिकरण, दलित सचेतना आदि कार्यक्रमहरू तालिम प्रदान गरिएको छ । त्यसै गरी बहिराहरूलाई लक्षित गरी २० जना बहिराहरू लाई कागजको थुङ्गा बनाउने तालिम, आदिवासि जनजातीहरूको लागि वेटर, कम्प्युटर र लोक सेवा तयारी कक्षा संचालनमा रहेका छन भने UN Habitat को सहयोगमा गरिवि न्यूनीकरण कार्यक्रम अन्तर्गत विभिन्न वडाहरूमा यस बर्ष ४९ वटा शौचालय निर्माणको लागि ऋण प्रवाह, ८ वटा टोलहरूलाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा, ३ वटा टोलहरूमा विभिन्न कार्यक्रमका लागि  बिउ पुंजी अनुदान, ८ वटा टोल विकास संस्थाहरूलाई सुलभ व्याज दरमा एक मुष्ठ ऋण प्रवाह गरिएको छ भने वडा नं ८ मा सिंचाईको लागि बोरिङ्ग र सामुदायिक भवनको निर्माण कार्यलाई पुर्णता दिईएको छ ।

गत नगरपरिषदवाट स्विकृत यस नगरलाई वालमैत्री नगर वनाउने सम्वन्धि रणनैतिक कार्ययोजना अनुसार प्लान नेपाल CWS CWISH र यस नगरपालिकाको संयूक्त पहलमा संचालित निकृष्ठ घरेलु वाल श्रम न्यूनिकरण कार्यक्रम अन्तरगत १९ जना वालवालिकाहरूलाई उद्धार गरी वालवालिकाहरूलाई अनिवार्य शिक्षा दिने शर्तमा त्यस्ता वालवालिकाको अभिभावकहरूलाई आयआर्जनको लागि आवश्यक सामाग्रीहरू प्रदान गरिएको छ भने CWISH को सहयोगमा नगरको ११ वटै वडामा वाल संरक्षण समिति गठन गरि क्षमता अभिबृद्धिका लागि तालिम प्रदान गरिएको  छ ।

वातावरण तर्फ नगरको दिगो वातावरण संरक्षण गर्ने अभिप्रयले होम नेट को प्राविधिक सहयोगमा ५ वर्षे रणनीतिक कार्य योजना वनाउने कार्य अन्तिम चरणमा पुगेको छ भने दैनिक सरसफाई, घर पसलवाट फोहर संकलन कार्यक्रम, प्लाष्टिक न्युनिकरण कार्यक्रम, फोहरलाई श्रोतमा नै न्युनिकरण गर्न वातावरण सुधार समन्वय समिति मार्फत बिभिन्न जनचेतनामूलक कार्यक्रमहरू हुदै आइरहेको छ । यस वर्षको विश्व वातावरण दिवसको अवसरमा जनाइएको प्रतिवद्धता अनुसार कालो प्लाष्टिक झोलाको बिक्रि वितरण तथा प्रयोगमा गरिएको प्रतिवन्ध सफल बनाउन नागरिक स्तरमा १५ सदस्यीय अनुगमन समिति निर्माण गरी प्रभावकारी रुपमा अनुगमन गर्ने प्रणालीलाई बिकास गरिएको छ र अनुगमन समितिले आगामी एक वर्ष भित्र सम्पूर्ण प्लाष्टिक झोलाको बिक्रि बितरणमा प्रतिवन्ध लगाउने सम्बन्धमा बिकल्पको खोजी गरी कार्यान्वयनमा ल्याउने पहल गरिरहेको छ ।

स्वास्थ्य तर्फ महिला स्वास्थ्य स्वयम सेविका आमा समुह मार्फत नगरमा वसोवास गर्ने २ बर्ष सम्म उमेर पुगेका वाल वालिकाहरूलाई वालभिटा खुवाउने कार्यक्रम संचालनमा ल्याइएको छ भने करीव ४०० जना आमा समुहका पदाधिकारीहरूलाई वालभिटा सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ। चालु आ.व.देखि यस नगरमा शहरी स्वास्थ्य कार्यक्रम संचालनमा ल्याई ८ नं.वडा समितिको भवनमा संचालित वडा क्लिनिकलाई शहरी स्वास्थ्य क्लिनिकको रूपमा संचालनमा ल्याउने कार्यको सुरुवात भएको छ। यसबाट त्यस क्षेत्रका नागरिकहरूलाई आधारभूत स्वास्थ्य सुविधा हुने बिश्वास लिएको छु। त्यस्तै राष्ट्रिय भिटामिन ए कार्यक्रम, पोलियो खोप कार्यक्रम जस्ता कार्यक्रमहरूबाट करीव १६ हजार जति वालवालिकाहरू लाभान्वित भएका छन भने सामाजिक सुरक्षा अन्तर्गत २३५८ जना लाई जेष्ठ नागरिक, असाहय विधवाहरूलाई पुर्ण तथा आंशिक अपाङ्ग भत्ता वितरण गरिएको छ।

बिगतका बर्षहरू देखि नै संचालित साक्षरता सम्बन्धी कार्यक्रम यस बर्षमा पनि वडा नं.११ र ६ मा गरी ३३ केन्द्र मार्फत करीव ३५० भन्दा वढि नगरवासीहरूले साक्षर हुने अवसर प्राप्त गरेका छन। त्यसै गरी मूख्य बजार क्षेत्रको सवारी आवागमनलाई व्यवस्थित बनाउन परिक्षणको रूपमा कार्यान्वयनमा ल्याइएको सशुल्क पार्किंग सम्बन्धी कार्यक्रम सम्मानित पुनरावेदन अदालतको अन्तरिम आदेश बमोजिम स्थगित अवस्थामा रहेको र यस सम्बन्धी बिवाद सम्मानित सर्वोच्च अदालतको बिचाराधिन रहेको र अन्तिम निर्णय भए बमोजिम कारवाही अगाडी बढाइने समेत जानकारी गराउन चाहन्छु।

## आदरणीय महानुभावहरु

सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत बिगत देखि संचालनमा रहेका शुल्कमा आधारित घरेलु फोहर संकलन कार्यक्रम, शौचालय व्यवस्थापन तथा संचालन, व्यवसाय तथा बिज्ञापनकर संकलन जस्ता आयोजनालाई निरन्तरता दिइएको छ। यस अन्तर्गत PPPUE/UNDP लगायतका संस्थाहरुको सहयोगमा निर्माण सुरु गरिएको एकिकृत फोहर व्यवस्थापन सहितको सामुदायिक कम्पोष्ट उत्पादन केन्द्र सम्पन्न हुने चरणमा रहेको छ भने वडा नं.६ को रक्षादेवी खानेपानी आयोजनाको निर्माण कार्य बिबिध समस्याका कारण सम्पन्न हुन नसकेको अवस्था छ।

यो बर्ष नगरपालिकाको संस्थागत सुदृढिकरण तथा क्षमता बिकास तर्फ उल्लेखनीय सुधारका कामाहरु सम्पन्न भएका छन। यस अन्तगर्त कार्यालयको काममा सूचना प्रविधिको प्रयोगलाई घनिभूत बनाउन Wi-Fi प्रविधिमा आधारित इन्टरनेट सेवा, साविकको CAT-5 क्षमताको Local Area Network LAN प्रविधलाई सुधार गरी CAT- 6 परिवर्तन गरिएको जसबाट निकट भविष्यमा नै नगरको उपयुक्त स्थानमा सूचना प्रविधिमा आधारित एकिकृत शहरी सेवा केन्द्र (Integrated City Service Centre ICSC) स्थापना गरी बिकेन्द्रित सेवा प्रदान गर्ने योजनालाई साकार पार्न मद्धत पुग्ने बिश्वास लिएको छु। त्यसै गरी नगरपालिका सम्बन्धी सूचना बिश्व सूचना संजालमा पहुच दिन नगरपालिकाको Content based वेवसाइट www.hetaudamun.gov.np लाई Application based बनाइएको छ यसबाट नागरिकहरुले आफ्ना गुनासा तथा प्रतिक्रिया सिधै वेवसाइट मार्फत सम्प्रेषण गर्न सकिने भएको छ। यसै गरी नगरपालिकाबाट गरिने टेण्डर सम्बन्धी प्रकृयालाई पारदर्शी र बिश्वासिलो बनाउन यस सम्बन्धी कामलाई E-Bidding प्रणालीमा आवद्ध गराउने तर्फ गृहकार्य भइरहेको छ भने अर्कोतिर नगरपालिका लगायत अन्य सरकारी, गैरसरकारी, संस्थागत तथा बित्तीय निकायहरुबाट प्रदान गरिने सेवाहरु हाल आ आफ्नो पृथक पृथक वेवसाइट मार्फत उपलब्ध भइरहेकोमा आगामी ५ बर्षभित्र एकिकृत साझा Web Portal मार्फत सुलभ र सहज बनाउन Digital Hetauda 2020 को अवधारणा अनुसार Cyber City Project कार्यान्वयन गर्न संभाव्यता अध्ययन गर्ने कार्यको थालनी भएको छ।

नगरपालिकाको गतिविधी सम्बन्धी सूचनामा सवैको पहुंच बिस्तार गर्न स्थानीय एफ.एम.रेडियोहरु मार्फत **हाम्रो हेटौडा हाम्रो पहिचान** रेडियो कार्यक्रम नियमित रुपमा संचालनमा रहेको छ भने नगरबाट प्रकाशित हुने सवै दैनिकबाट नियमित रुपमा नगर दर्पण स्तम्भ प्रकाशित भइरहेको छ। त्यसै गरी आवधिक समिक्षा वैठकको माध्यमबाट गर्दै आएको कामहरुको समिक्षा कार्यलाई नियमित वनाईएको छ भने नगरपालिकाको काम कारवाही सम्बन्धमा आम नागरिकहरुको धारणा तथा अभिमत बुझ्ने र भावी दिनको मार्गदर्शनका लागि विगत बर्ष देखि अभ्यासमा ल्याएको सार्वजनिक सुनुवाईका लागि धेरै पटक समय निर्धारण गरिएको भएतापनि नेपाल वन्द, आमहडताल जस्ता कार्यक्रमहरु जुध्न भएको कारण सम्पन्न हुन नसकेतापनि चालु आ.व.भित्र नै सम्पन्न गरिनेछ। यसै गरी यस वर्ष नगरपालिकाको आफ्नै प्रतिक चिन्ह (Logo) स्वीकृत गरी प्रचलनमा समेत आइसकेको व्यहोरा अनुरोध गर्न चाहन्छु।

**आदरणीय महानुभावहरु**

यस बर्ष आर्थिक तथा राजश्व प्रशासन तर्फको प्रगतिलाई समिक्षा गर्दा विगत बर्षहरुको तुलनामा केन्द्रीय सरकारबाट प्राप्त हुने सशर्त तथा निशर्त अनुदान, जगेडा कोष, LGCDP कार्यक्रम, सडकवोर्ड, कृषि सडक जस्ता शिर्षहरुमा उत्साहजनक बृद्धि भएको छ ।

चालु आ.व. २०६७।०६८ को आन्तरिक आम्दानी तर्फ ७ करोड १४ लाख ५७ हजारको लक्ष्य रहेकोमा आ.व.को जेठ मसान्त सम्ममा ४ करोड ४३ लाख ५८ हजार आय भएको र चालु आ.व.को अन्त्य सम्ममा ५ करोड ९३ लाख ४ हजारको संसोधित आय अनुमान गरिएको छ । यस अवधिमा एकिकृत सम्पत्तिकर, व्यवसायकर, पटके सवारी कर र नक्सापास दस्तुर जस्ता आय शिर्षकहरुमा उल्लेख्य बृद्धि भएको छ भने घरजग्गाकर वक्यौता, सिफरिस शुल्क जस्ता केही आय शिर्षकहरुमा लक्ष्य अनुसार संकलन हुन नसक्नु नै आन्तरिक आय कम हुनुको कारण मान्न सकिन्छ । साथै खर्च नभइ वांकी रहने रकम रु.१ करोड ५० लाख अनुमान गरिएकोमा जम्मा रु.४६ लाखमात्र जिम्मेवारी सर्नुले पनि अनुमान भन्दा यथार्थ आन्तरिक आय घटेको देखिन्छ । बाहृय आम्दानी तर्फ रु. २५ करोड ३८ लाख ९९ हजार लक्ष्य रहेकोमा हाल सम्म शहरी तथा वातावरणीय सुधार परियोजना तर्फको संसोधित अनुमान रु.१३ करोड ५४ हजार समेत गरी कूल रु.२६ करोड ६२ लाख ६९ हजार (१०४ प्रतिशत ) संसोधित आम्दानी अनुमान गरिएको छ । तुलनात्मक रुपमा बाहृय आम्दानी लक्ष्य भन्दा वढी हुनुमा स्थानीय बिकास मन्त्रालयबाट प्राप्त हुने अनुदानहरु तथा शहरी तथा वातावरणीय सुधार परियोजनामा अनुमान गरे भन्दा वढि खर्च भई सोधभर्ना वापत प्राप्त भएको रकममा बृद्धि हुनु समेत रहेका छन् ।

चालु आ.व.२०६७।०६८ मा कार्यक्रम तथा पुंजीगत खर्च तर्फ शहरी तथा वातावरणीय सुधार परियोजना तर्फको कार्यक्रम तथा पूजिगत खर्च रु.१० करोड ८६ लाख ५० हजार समेत गरी जम्मा रु. ३२ करोड ५३ लाख ५६ हजार विनियोजन गरिएकोमा आ.व.को अन्त्य सम्ममा शहरी तथा वातावरणीय सुधार परियोजना तर्फको कार्यक्रम तथा पूजिगत खर्च रु.१३ करोड ५४ हजार समेत गरी जम्मा रु.२६ करोड ६२ लाख ६९ हजार खर्च हुने संसोधित अनुमान गरिएको छ । यसै गरी चालु तर्फ रु.३ करोड ६२ लाख ९ हजार अनुमान गरिएकोमा आ.व.को अन्त्य सम्ममा रु.३ करोड ५३ लाख ३२ हजार खर्च हुने संसोधित अनुमान गरिएको छ । यस अनुसार शहरी तथा वातावरणीय सुधार परियोजना तर्फ समेतको पूंजिगत खर्च, नगरपालका कोष तर्फको पूंजिगत खर्च र चालु खर्च समेत गरी जम्मा रु. ३२ करोड ५५ लाख ७३ हजार संसोधित अनुमान गरिएको छ ।

**आदरणीय महानुभावहरु**

अव म आगामी आ.व. २०६८।०६९ को लागि प्रस्तावित नीति कार्यक्रम र वजेटका मुख्य मुख्य वुंदा संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

आगामी बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गर्दा नगरपालिका स्थापनाको चार दशक वीचमा भएको आर्थिक तथा सामाजिक बिकासको गति र त्यसले वर्तमानमा परिहेको प्रभाव समेतको बिश्लेषणको आधारमा अगाडी सारिएको वृहत्तर हेटौडाको अवधारणा, हाल नगरपालिकाले तर्जुमा गरिरहेको दिर्घकालिन लक्ष्य र क्षेत्रगत गुरुयोजना सहितको आवधिक योजनाले परिकल्पना गरेको वातावरणीय तथा आवासीय दृष्टिकोणबाट **स्वच्छ,** शैक्षिक बिकासको दृष्टिकोणबाट **सृजनशील** र उद्यमशीलता र व्यवसाय प्रर्वद्धनको दृष्टिकोणबाट **सम्बृद्ध औद्योगिक नगर**को दिर्घकालिन लक्ष्य प्राप्तीका नेपाल सरकारले यस बर्ष देखि कार्यान्वयनमा ल्याएको नगरपालिका अनुदान संचालन कार्यविधि २०६७ समेतलाई आधार बनाई मूलत: शहरी पूर्वाधार तथा भौतिक संरचना विकास, आर्थिक प्रशासन तथा राजश्व परिचालन, आर्थिक तथा सामाजिक विकास र सुशासन प्रर्वद्धन तथा संगठन विकास गरी जम्मा चारवटा मुख्य क्षेत्रगत र बिषयगत नीति, रणनीति अन्तर्गत पूर्वाधार, प्रर्वद्धनात्मक र लक्षित क्षेत्रतर्फ महिला, वालवालिका र आदीवासी, जनजाती, दलित, अपांगता भएका व्यक्ति, मधेसी, मुस्लिम, पिछडिएका वर्ग समेतलाई समेटी कार्यक्रम तथा आयोजनाहरु प्रस्ताव गरिएको छ ।

शहरी पूर्वाधार तथा भौतिक संरचना बिकास नीति अन्तर्गत वृहत्तर हेटौंडा (Greater Hetadua) को अवधारणाको आधारमा तर्जुमा भइरहेको वातावरणीय तथा आवासीय दृष्टिकोणबाट **स्वच्छ,** शैक्षिक

बिकासको दृष्टिकोणबाट **सृजनशील** र उद्यमशीलता र व्यवसाय प्रर्वद्धनको दृष्टिकोणबाट **सम्बृद्ध औद्योगिक नगर**को दिर्घकालिन लक्ष्य सहितको आवधिक योजना र विषयगत तथा क्षेत्रगत कार्ययोजना सहित पूंजिगत र क्षेत्रगत लगानीलाई व्यवस्थित र योजनाबद्ध बिकास गर्ने नीति तथा कार्यक्रमहरु प्रस्ताव गरेको छु । यस अन्तर्गत शहरी पूर्वाधार तर्फ २९ ठूला आयोजना, महिला लक्षित तर्फ २५, वाललालिका लक्षित तर्फ २९ र जनजाती तथा आदिवासी लगायतका क्षेत्रमा ४० र प्रर्वद्धनात्मक क्षेत्रभित्र केही साना पूर्वाधार गरी करीव १५० वटा पूर्वाधार बिकाससंग सम्बन्धित आयोजनाहरु प्रस्ताव गरिएको छ । यसै गरी महिला लक्षित सामाजिक तथा क्षमता बिकास तर्फ १५, वाललालिका लक्षित सामाजिक तथा क्षमता बिकास तर्फ १० र जनजाती तथा आदिवासी लक्षित सामाजिक तथा क्षमता बिकास तर्फ ११ गरी करीव ४० कार्यक्रम र शीप बिकास र संस्थागत बिकास तर्फ करीव ४५ कार्यक्रम तथा आयोजनाहरु प्रस्ताव गरिउको छ । उपरोक्तानुसारको आयोजना तथा कार्यक्रमहरु वडातहबाट प्राथमिकता तोकि आएका र कान्तिराजपथ, मूख्य बजार क्षेत्रमा सडकपेटी सुधार, ढल मर्मत र पारिजातपथ नमुना सडक जस्ता ठूला आयोजनाहरु रहेका छन भने राप्तीनदी उकास जग्गामा एकिकृत अटोल्याण्डको बिस्तृत सम्भाव्यता अध्ययन जस्ता नया कार्यक्रमहरु प्रस्ताव गरिएको छ भने वृहत्तर हेटौडाको अवधारणालाई व्यवहारत कार्यान्वयनमा ल्याउन जिल्ला बिकास समिति, आसपासका नगरोन्मुख गा.वि.स.हरु वीच संयुक्त कार्यक्रमहरु संचालनमा ल्याउने कार्यक्रम प्रस्ताव गरिएको छ ।

यसै गरी पूर्वाधार बिकास, उपभोग तथा संभार जस्ता जिम्मेवारीलाई दिगो र स्थायी बनाउन संरचनाको मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि यान्त्रिक उपकरण तथा पूर्वाधार संरचना मर्मत सम्भार कोष खडा गरि निर्मित संरचना सम्बन्धित उपभोक्ता (समुदाय) लाई नै हस्तान्तरण गर्ने व्यवस्थालाई निरन्तरता दिने प्रस्ताव गरिएको छ भने चालु आ.व.को घोषित कार्यक्रमहरु जस्तै सडक बत्ति, शहरी सेवा केन्द्र, फोहर व्यवस्थापन जस्ता सेवाहरु सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निर्माण, संचालन र व्यवस्थापन गर्ने, पूर्वाधार विकास कार्यक्रमहरुमा सरोकारवालाहरुबाट लेखाजोखा हुने पद्धति प्रवर्द्धन गर्न सार्वजनिक तथा सामाजिक लेखा परिक्षण कार्यलाई कार्यस्थलमा नै अभ्यासमा ल्याउने, TCN क्षेत्रको वांकी जग्गा, राप्ती नदी किनारको खाली जग्गा, रोपवेले चर्चेको जग्गा उपयोग गर्ने तर्फ सम्बन्धित निकाय मार्फत प्रयास गर्ने, राप्ती नदीको किनारैकिनार बाहिरी सडक (By Pass Road) निर्माणमा थप पहलका साथै चक्रपथको वांकी खण्डको स्तरोन्नती, कजवेहरुको निर्माण, अधुरो कार्यालय भवन निर्माण र वासुदेव सभागृहको निर्माण कार्य सम्पन्न गर्ने, नगरक्षेत्रभित्र प्रयोगमा रहेका सडकहरुको सार्वजनिक लगत कट्टा गर्ने, जस्ता बिषयहरुलाई बिशेष प्राथमिकता दिईएको छ ।

## आदरणीय महानुभावहरु

यसै गरी शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत सम्पन्न भएका आयोजनाहरु संचालनमा ल्याउने तर्फ नीतिगत र प्रक्रियागत व्यवस्था गर्ने लक्ष्य लिईएको छ । यस अन्तर्गत बृहत खानेपानी आयोजना खानेपानी व्यवस्थापन वोर्डलाई हस्तान्तरण गर्ने, भूमीगत ढल तथा फोहोर पानी प्रशोधन केन्द्र संचालनमा ल्याईनेछ । उक्त ढललाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पर्ने जेटिङ मेशीन लगायतका सरसफाईमा प्रयोग हुने ट्रिपर, ट्याक्टर जस्ता उपकरणहरुको संचालनमा थप प्रभावकारीता ल्याइनेछ । शहीद स्मारकमा वालवालिकाहरुको लागि निर्माण भएको पौडी पोखरी र बसपार्क क्षेत्रमा निर्माण भएको एकिकृत मासु बजार र तरकारी वजार संचालनमा ल्याईने छ ।

## आदरणीय महानुभावहरु

बिगत देखि कार्यान्वयनमा ल्याईएको एकिकृत सम्पत्तिकरलाई नगरस्तरीय राजश्व परामर्श समिति तथा राजश्व प्रक्षेपण तथा बिश्लेषण सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनको सुझाव एवं सिफारिसलाई आधार बनाई समसामयिक परिमार्जन सहित प्रभावकारी बनाउने कार्यक्रम प्रस्ताव गरिएको छ भने हालको लेखा प्रणालीमा परिमार्जन गरी प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System - ASS/ Corporate Accounting System- CAS) का आधारभूत प्रावधानहरु चरणवद्ध कार्यान्वयन गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । व्यवसायकर तथा बिज्ञापन कर संकलन कार्यमा मकवानपुर उद्योग वाणिज्य संघसंगको साझेदारी मध्ये व्यवसायकरको तुलनामा बिज्ञापनकर तर्फको प्रगति कम प्रभावकारी देखिएकोले व्यवसायकर तर्फको साझेदारीलाई निरन्तरता दिदैं बिज्ञापनकर संकलन साझेदारी तर्फ नीतिगत रुपमा समसामयिक परिमार्जन

गर्ने प्रस्ताव गरिएको छ । यसै गरी पटके सवारीकर संकलनलाई प्रभावकारी वनाउने तर्फ पनि साझेदारी अवधारणालाई अवलम्वन गर्ने तर्फ सम्बन्धित सरोकारवालाहरुसंगको गृहकार्य गर्ने प्रस्ताव गरिएको छ । यसका अतिरिक्त फोहर गर्नेले नै सफा गर्न सहयोग गर्नु पर्छ भन्ने अवधारणालाई प्रवर्द्धन गर्न विगतमा प्रस्ताव गरेतापनि कार्यान्वयनमा आउन नसकेको वातावरण प्रदुषण शुल्क आगामी आ.व.देखि व्यवसायिक प्रयोजनका लागि नगरक्षेत्रभित्र भित्रिने माछा तथा पशुपंक्षी, तरकारी तथा फलफुल, प्लाष्टिक झोला तथा पिउने पानी (Mineral Water) को वोटलमा वातावरण प्रदुषण शुल्क लगाउने प्रस्ताव गरिएको छ भने भारी सवारीसाधनहरुको कारण नगरक्षेत्रको यातायात प्रणाली तथा वातावरण प्रदुषणमा परिरहेको नकारात्मक असरलाई न्यून गर्न सरोकारवालाहरुको सहभागिता तथा साझेदारीमा भारी सवारी साधनमा जोखिम तथा प्रदुषण शुल्क कार्यान्वयनको प्रस्ताव गरिएको छ । यसै गरी दलित तथा जनजाती सम्बन्धी लाग्ने सिफारिस शुल्कमा ५० प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिने प्रस्ताव गरिएको छ ।

## आदरणीय महानुभावहरु

आर्थिक तथा सामाजिक विकास नीति तथा कार्यक्रम अन्तर्गत वातावरण, जनस्वास्थ्य र सरसफाई नीति, समुदाय बिकास नीति, समावेसी बिकास नीति, शिक्षा, खेलकुद, साहित्य, कला र संस्कृति सम्वन्धी नीति समावेश गएिको छ । यस अन्तर्गत एकिकृत दिगो फोहर व्यवस्थापनका लागि समुदायमा आधारित बिकेन्द्रिकृत फोहर व्यवस्थापन नीति तर्जुमा गरी लागु गर्ने, फोहर व्यवस्थापन सम्बन्धी जिम्मेवारी सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप निजी क्षेत्रमा हस्तान्तरण गर्दै जाने, वातावरणीय संरक्षण तथा प्रकोप व्यवस्थापनमा सरकारी तथा गैरसरकारी निकायहरुको भूमिका प्रवर्द्धन गर्न नगरस्तरीय **वातावरण संरक्षण तथा प्रकोप व्यवस्थापन कोष** स्थापना गर्ने तर्फ प्रभावकारी पहल गर्ने, सामुदायिक कम्पोष्ट प्लान्ट निर्माणको वांकी कार्य सम्पन्न गरी संचालनमा ल्याउने, पशुवधशाला निर्माण तथा एकिकृत मासु पसल संचालन, सशुल्क पार्किड.र घुम्ती शौचालय संचालनका लागि संभाव्यता अध्ययन लगायत बिभिन्न राष्ट्रिय अभियान र कार्यक्रमहरु संचालन गर्नुका साथै नमूना क्षेत्र निर्माण गर्ने जस्ता बिषयहरु समावेश गरिएको छ । समुदाय विकास नीति अन्तर्गत नगरक्षेत्रमा काम गर्ने टोल बिकास संस्था, वातावरण सुधार समन्वय समिति, आमा समुह, महिला स्वास्थ्य स्वयम सेविका, वाल संरक्षण समितिहरुलाई एकिकृत रुपमा परिचालन गर्न एकिकृत नागरिक संजाल निर्माण गर्ने तथा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु वीचको समन्वयलाई प्रभावकारी वनाउन सूचिकृत गर्ने नीतिलाइ निरन्तरता दिने प्रस्ताव गरिएको छ ।

समावेशी विकासको नीति अनुसार महिला, एकल महिला, वालवालिका, दलित, जनजाती, मधेसी, मुस्लिम, पिछडिएक वर्ग, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग विशेष कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशील संघसंस्थाहरु, टोल विकास संस्था, आमा समुह, महिला स्वास्थ्य स्वयम सेविका जस्ता सहयोगी संस्थाहरु मार्फत् ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने, विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासको लागि ती क्षेत्रका समुदायले जुटाउनु पर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक विभेद नीतिका साथै दलित, आदिवासी, जनजाति, महिला, अपागं, पिछडिएका, अल्पसख्यक, सिमान्तकृत वर्ग एवं बाल-बालिकाको उत्थानको लागि कार्यरत निकायहरु पहिचान गरी सो संस्थाहरुसंग सहकार्य गर्ने, अनाथ बालबालिका, अपांग, सुस्त मनस्थिति, मानसिक सन्तुलन गुमाएका तथा बृद्ध बृद्धाहरुको उचित व्यवस्थापनमा सहयोग गर्ने र शहरी गरीबी न्यूनिकरणका लागि नगरपालिका साझेदारी विकास कोषको स्वीकृत बिनियमावली अनुसार टोल विकास संस्थाहरुको स्तरीकरण गरी Wholsale Lending प्रणालीलाई थप प्रभावकारी वनाईने छ ।

यसै गरी शहरको हरियाली, ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन बजारको मूख्य मूख्य केन्द्रहरुमा CC क्यामेरा जडान गर्ने कार्य, सशुल्क पार्किङ्गलाई परिमार्जन सहित कार्यान्वयनमा ल्याइनेछ । यसै गरी राष्ट्रिय खोप कार्यक्रम, शहरी स्वास्थ्य क्लिनिक, मातृशिशु क्लिनिक, स्वास्थ्य सचेतना कार्यक्रमलाई थप प्रभावकारी रुपमा निरन्तरता  दिइनेछ । वढ्दो विषादि प्रयोगवाट वातारणमा पर्न सक्ने असरलाई न्यूनिकरण गर्न जैविक विषादि वनाउने तथा कम्पोष्टमल वनाउने कार्यलाई प्रोत्साहन गरिने छ । साथै पार्थनियम झारवाट वातावरणमा पर्न सक्ने असरलाइ न्यूनिकरण गर्न जनचेतनामुलक कार्यक्रम तथा सो झार फाड्ने कार्य प्रभावकारी रुपमा अगाडि वढाईने छ । हेटौंडाको मौलिक पहिचानको रुपमा संचालित प्लाष्टिक प्रदुषणमुक्त शहरको अभियानलाई थप कार्यक्रम सहित प्रभावकारी रुपमा अगाडि वढाईने छ ।

यसै गरी शहरी गरिबी न्यूनीकरण तर्फ नगरपालिकाले तयार गरेको गरीबी नक्शांकन प्रतिवेदन अनुसारको गरीब वस्तीहरुमा खानेपानी, सडक ढल निर्माण तथा सुधार, बिद्यालय निर्माण, शौचालय निर्माण जस्ता साना पूर्वाधार निर्माण कार्यहरु, अपांग, असहाय सम्बन्धि विभिन्न लक्षित कार्यक्रमहरु, आयआर्जन, उद्यम व्यवसाय एवं लघु कर्जा कार्यक्रम, वाल विकास कार्यक्रम, असहाय, बृद्ध बृद्धाहरुका लागि कार्यालयमा Help Desk स्थापना र समयको माग अनुरुप सूचना प्रविधिमा आधारित शासन प्रक्रियाको अभिबृद्धि गर्न Digital Citizen Charter संचालनमा ल्याइनेछ  साथै नागरिक वडापत्रमा पहुंच बढाउन वडा कार्यालयहरुमा समेत नागरिक वडापत्र राख्ने व्यवस्था गरिएको छ ।

**आदरणीय महानुभावहरु**

शिक्षा, खेलकुद, साहित्य, कला र संस्कृति नीति एवं कार्यक्रम अन्तर्गत यस क्षेत्रको उचित संरक्षण तथा सम्बर्द्धनका लागि नगरक्षेत्र भित्र संचालित शैक्षिक संस्थाहरुको भौतिक सुधार एवं शैक्षिक गुणस्तर अभिबृद्धिका लागि जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय लगायत सरकारी तथा गैरसरकारी क्षेत्रबाट परिचालन गरिने श्रोतसाधनलाई एकद्धार नीति अन्तर्गत परिचलन गर्न गठन भएको **नगर शिक्षा समन्वय इकाई** ले तयार गरेको रणनीतिक शिक्षा बिकास योजना र कार्यक्रमलाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउने, सार्बजनिक बिद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणा पुरस्कार प्रदान गरिनुका साथै पुस्तकालयहरुको प्रभावकारी सञ्चालनका लागि सहयोग गर्ने, खेलकूद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं सुधारको साथै आन्तरिक तथा वाह्य पर्यटन प्रवद्धन तथा बिकासका लागि नगरस्तरीय पर्यटन बिकास समिति गठन गर्ने प्रस्ताव गरिएको छ । लोकतान्त्रिक चौर खेलमैदान संरक्षण एवं मर्मत सम्भार, गौरीटार खेलकुद प्रशिक्षण प्रतिष्ठान सहयोग, पुष्पलाल पुस्तकालयको भौतिक पूर्वाधार एवं शैक्षिक सामाग्री सहयोग, वनस्पति पार्क, मनमोहन स्मृति भ्यु टावरको पूर्वाधार निर्माण कार्यक्रम समेत समावेश गरिएको छ । विगतमा सामाजिक धार्मिक तथा सांस्कृतिक प्रतिष्ठानहरुलाई प्रदान गर्दै आएको सहयोगलाई निरन्तरता दिदै जिल्ला पत्रकार महासंघ, गैर सरकारी संस्था महासंघ, क्षेत्रीय अस्पताल, सामुदायीक आंखा अस्पताल एवं लिटिल डाक्टर कार्यक्रम समेतलाई कार्यक्रममा आधारित भै सहयोग गर्न वजेट विनियोजन गरिएको छ । नगरलाई वालमैत्री बनाउन र वालश्रम न्युनिकरण तथा निकृष्ठ वालश्रम उन्मुलनका लागि तर्जुमा गरिएको वालश्रम न्युनिकरण सम्बन्धी रणनीतिक कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने जस्ता कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संगठन संरचना र मानव संसाधनको बिकास र व्यवस्थापन पनि प्रभावकारी हुनु पर्ने तथ्यलाई मनन गरी गत १५ औं नगरपरिषदको नितिगत मार्गनिर्देशन बमोजिम स्विकृत संगठन संरचना र कार्यविवरणको समिक्षा सहित नगरपालिकाले अगाडी सारेको वृहत्तर हेटौडा (Greater Hetadua) को परिकल्पना लाई साकार पार्न सोही अनुसारको संगठन संरचना र कार्य विवरण र आवश्यक मानवीय श्रोत संसाधन समेतको प्रस्ताव स्वीकृत भई कार्यान्वयनको अन्तिम चरणमा रहेको छ र आवश्यकता अनुसार आगामी आ.व.मा समेत समसामयिक परिमार्जन गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ । सोही संगठन संरचना अन्तर्गत जनघनत्व तथा सेवाग्राहीहरुको चापको आधारमा केही वडा कार्यालयहरुलाई Pilot project को रुपमा स्तर बृद्धि गर्ने र हाल नगरपालिका कार्यालयबाट प्रवाह भइरहेको सेवालाई वडास्तरमा नै एकिकृत सेवा केन्द्र मार्फत् सहज रुपमा उपलब्ध गराउने कार्यक्रम प्रस्ताव गरिएको छ । यसबाट नगरपालिकाको मूख्य प्रशासकीय भवनमा सेवाग्राहीहरुको चाप घट्न गई बिद्यमान दक्ष जनशक्तिलाई नगरको दिर्घकालिन योजना तर्जुमा तथा रणनीतिक कार्यक्रम बिकासका कार्यमा उपयोग गर्न सकिने वातावरण बन्न जाने बिश्वास लिईएको छ । यसै गरी नगरपालिका र नगरवासीहरु वीचको भावनात्मक सम्बन्धलाई प्रर्वद्धन गर्न नगरपालिकाको प्रशासकीय भवनलाई **“नगर भवन”** को रुपमा नामाकरण गर्ने प्रस्ताव गरेको छु ।

हेटौडालाई क्षेत्रीय शैक्षिक केन्द्र (Regional Educational Hub) को रुपमा बिकास गरी भविष्यमा बिश्व बिद्यालय स्थापना गर्न प्रारम्भिक पूर्वाधारको रुपमा बिश्व बिद्यालय, उच्च शैक्षिक संस्था, अनुसन्धान संस्थाहरु, बिज्ञहरु, शोध तथा अनुसन्धानकर्ताहरुको दक्षता नगरको दिर्घकालिन सोच, रणनीतिक योजना तर्जुमा, शहरी बिकास

तथा अन्य आर्थिक सामाजिक बिकासका सवालहरुमा सहभागिता प्रवर्द्धन गर्न त्यस्ता व्यक्ति, निकायहस्को सहकार्यमा **नगरस्तरीय अनुसन्धान तथा बिकास संयन्त्र** (City Level R&D Mechanism) को परिकल्पान गरिएको छ भने सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति र नयापुस्ताको यस प्रतिको लगाव समेतलाई ध्यानमा राखी नगरपालिका तथा अन्य सरकारी तथा गैरसरकारी निकाय, संस्थागत तथा व्यवसायिक क्षेत्रबाट प्रदान गरिने सेवा सुबिधाहरुलाई सूचना प्रविधि (Inforamaition & Communication Technology को अधिकतम उपयोग गरी एकद्धार प्रणालीबाट दिन र लिन सकिने अपार संभावनालाई मध्यनजर गरी बिकास गरिएको Digital Hetauda (Cyber City) 2020 परियोजनाको बिस्तृत संभाव्यता अध्ययन गर्ने, नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानवीय संसाधन विकास गतिविधिहरु एकद्धार प्रणाली अन्तर्गत संचालन गर्न संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकास कोषको स्थापना गर्ने, सरकारद्धारा निर्धारित न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) निर्देशिकाको प्रभावकारी कार्यान्वियन गर्ने र वारुणयन्त्र, सुरक्षा तथा सरसफाई सेवाका कर्मचारीहरुका लागि सुरक्षा उपाय सम्बन्धी अभिमुखीकरण तथा सुरक्षा उपकरणहरुको व्यवस्था, उपभोक्ता समिति, कर्मचारी आचरण, यान्त्रिक उपकरण संचालन तथा उपयोग सम्वन्धी निर्देशिकाहरु तयार गरी व्यवस्थित गर्ने, नगरपालिकाको गतिविधिहरुलाई छापा तथा बिद्युतीय संचार माध्यमबाट प्रचार प्रसार गरिनुका साथै सामान्य बिवादहरुलाई दक्ष मेलमिलापकर्ताहरु मार्फत मेलमिलाप गर्ने पद्धती प्रवर्द्धन गर्न सेलर्ड मकवानपुरसंग साझेदारीमा स्थापना भएको सामुदायिक मेलमिलाप केन्द्रको कामलाई व्यवस्थित र थप प्रभावकारी बनाउने जस्ता कार्यक्रमहरु प्रस्तावित गरिएको छ ।

यसै गरी यस क्षेत्रमा रहेका साना ठूला नगरपालिकाहरुले सम्पादन गरिरहेका काम तथा अनुभवहरु एक आपसमा आदान प्रदान गर्ने, सिक्ने र सिकाउने उद्देश्यले स्थानीय बिकास मन्त्रालय, बिभिन्न दातृ निकायहरु समेतको सहयोगमा साझा संयन्त्रको रुपमा स्थापना भएको नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र (Municipal Regional Learning Centre RLC) ले आवद्ध १० वटा नगरपालिकाहरुको संस्थागत क्षमता बिकासमा पुर्‍याइरहेको योगदानको मूल्यांकन गर्दै केन्द्रको कामलाई थप प्रभावकारी बनाउन बिभिन्न कार्यक्रमहरु  प्रस्ताव गरिएको छ । केन्द्रको कमलाई सहजिकरणका लागि साविक जर्मन बिकास सेवा ded Nepal (हाल GIZ) बाट प्राप्त प्राविधिक सल्लाहकारको कामलाई सवै आवद्ध नगरपालिकाहरुसम्म पुग्ने व्यवस्था गरिनेछ ।

**आदरणीय महानुभावहरु,**

माथि उल्लेख गरेको आगामी आ.व. २०६८।०६९ को आर्थिक, सामाजिक एवं भौतिक विकास सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालनको लागि पूंजीगत एवं कार्यक्रम खर्च शिर्षक तर्फ रु.२१ करोड ६१ लाख ३५ हजार र चालु खर्च शिर्षक तर्फ रु.३ करोड ६४ लाख ४६ हजार गरी जम्मा रु.२५ करोड २५ लाख ८१ हजार बराबरको बजेट स्वीकृतिका लागि प्रस्ताव गरेको छु । उक्त प्रस्ताव गरिएको खर्च मध्ये आन्तरिक आय परिचालन गरी रु.७ करोड ६० लाख ४९ हजार र बिभिन्न दातृसंस्थाहरु, स्थानीय बिकास मन्त्रालय अनुदान तथा नेपाल सरकार तथा नगर बिकास कोष ऋण आदि वाट रु.१७ करोड ६५ लाख ४१ हजार परिचालन गरी जुटाइने छ र यसरी न्यून हुन आएको रु. ३२ लाख ९१ हजार रकम राजश्व व्यवस्थापनमा थप सुधार, नयां राजश्वका क्षेत्रको पहिचान एवं परिचालन र विद्यमान श्रोतहरुको प्रभावकारितामा वृद्धी गरी पूरा गर्ने लक्ष्य प्रस्ताव गरिएको छ ।

चालु आ.व.को संसोधित आय तथा खर्च अनुमान र आगामी आ.व.को प्रस्तावित नीति, कार्यक्रम र आय व्यय सहितको बजेट विवरण यसै साथ संलग्न छ ।

**आदरणीय महानुभावहरु,**

अन्त्यमा, लक्ष्य गरे अनुरुपको उपलब्धी हासील हुन सकेमा हेटौंडा नगरको भौतिक पूर्वाधार लगायत आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पर्ने देखिएकोले प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनको लागि माननीय सभासदज्यूहरु, राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, सरकारी, गैरसरकारी निकाय एवं निजी संघसंस्था, पेशागत संघ संगठन, संचारकर्मी, दातृ निकायहरु, सहकर्मी कर्मचारी मित्र सबैबाट सहयोगको अपेक्षा गरेको छु । यस नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य सुझाव उपलब्ध गराई सहयोग पु-याउनुहुने सवै महानुभावहरु तथा निकायहरुमा आभार ब्यक्त गर्दै यस कार्यमा अहोरात्र लाग्नु हुने सहकर्मी कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

मिति : २०६८ असार १९ गते  आइतवार ।